# लोक सेवा आयोग
## दाङ कार्यालय

प. सं. प्रशासन ०७७।७८ तुलसीपुर,दाङ
च.नं.

# नेपाली सेनाको सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।

**सूचना नम्बर :- ११/०७७-७८**

**सूचना प्रकाशन मिति :- २०७७/०८/०४**

नेपाली सेनाको विज्ञापन नं. ०७६/७७/४२ अनुसार **सैन्य** पदको लागि दरखास्त स्वीकृत गराएका उम्मेदवारहरुको देहाय बमोजिमका भर्ना केन्द्रहरुमा सञ्चालित वियरिङ्ग, प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा उत्तीर्ण भई लिखित परीक्षाका लागि छनौट भएका सम्पूर्ण उम्मेदवारहरुको लिखित परीक्षा देहायको मिति,समय र स्थानमा हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## परीक्षा कार्यक्रम

| विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | परीक्षा अवधी |
|---|---|---|---|
| विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान) | वस्तुगत र विषयगत | २०७७/०८/१३ गते दिनको १:००वजे | २ घण्टा ३० मिनेट |

| सि.नं. | भर्ना केन्द्र | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | **नेपाली सेना, नं. १९ बाहिनी अड्डा, तुलसीपुर ब्यारेक, दाङ ।** | लिखित परीक्षाका लागि छनौट भएका सबै उम्मेदवार | श्री रास्री बबई क्याम्पस, तुलसीपुर, दाङ । |
| २ | **नेपाली सेना, सवुजगण, सिमखर्क ब्यारेक, सल्यान ।** | लिखित परीक्षाका लागि छनौट भएका सबै उम्मेदवार | श्री शिवजन मा.वि.शितलपाटी, सल्यान । |

**द्रष्टव्यः**

१. प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा सहभागी गराइने छैन।
२. परीक्षामा कोठा पत्ता लगाउने प्रयोजनका लागि उम्मेदवारले परीक्षा शुरु हुनुभन्दा १ घण्टा ३० मिनेट अगाडि नै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।
३. उत्तरपुस्तिकामा अनिवार्य रुपमा **कालो मसी**को मात्र प्रयोग गर्नु पर्नेछ।
४. परीक्षा भवनमा क्यालकुलेटर, झोला र अन्य ईक्ट्रोनिक डिभाइस निषेध गरिएको छ ।
५. वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तर दिदा (**Capital Letter मा A,B,C,D**) लेख्नुपर्नेछ ।
६. परीक्षा सञ्चालन हुने दिन कुनै सार्वजनिक विदा पर्न गएमा पनि लोक सेवा आयोगको पूर्व सूचना विना परीक्षा कार्यक्रम स्थगित हुने छैन।
७. परीक्षा केन्द्रमा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी निकायबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र साथमा लिई उपस्थित हुनुपर्नेछ ।
८. परीक्षा केन्द्रमा आउँदा उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।
९. उम्मेद्वारहरुले समूहमा भेलाहुन, कुराकानी गर्न तथा भिडभाड गर्न हुदैन । साथै शौचालय प्रयोग गर्दा र कक्षाकोठा पहिचान गर्दा एकआपसमा कम्तिमा २ मिटरको सामाजिक तथा भौतिक दुरी कायम गर्नुपर्नेछ ।
१०. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखिसके पश्चात बाँकी रहेको **उत्तरपुस्तिकाको खाली स्थान स्वंयले काटी बुझाउनु** पर्नेछ ।
११. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी **उत्तरपुस्तिका बुझाएको हस्ताक्षर गरी बाहिर जानु** पर्नेछ ।
१२. कोभिड-१९ वाट संक्रमित उम्मेदवारहरुले परीक्षाको मिति भन्दा कम्तिमा १ दिन पहिले यस कार्यालय वा नेपाली सेनाको सम्वन्धित भर्ना केन्द्रमा जानकारी दिनुपर्नेछ ।

(धर्मराज वली)
लेखापाल

(दुर्गा प्रसाद पराजुली)
उपसचिव

फोन ०८२-५२२८२५,फ्याक्स ०८२-५२००१३ वेवसाइट www.psc.gov.np इमेल dang@psc.gov.np